# एनएमबि लघुवित्त वित्तीय संस्था लि.
# NMB Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका इजाजतपत्र प्राप्त संस्था"

**केन्द्रीय कार्यालय** : (साविक पोखरा २५, हेम्जा, कास्की ) हाल पोखरा ८, न्यूरोड, कास्की
फोन : ०६१-४००४२७, ४००४७७

## एघारौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,
यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०२/३१ गते बसेको १६० औं बैठकबाट निर्णय भए बमोजिम यस वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम उक्त वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, समय र स्थानः**
**मिति** : २०८१ साल असार २१ गते, शुक्रवार (तदनुसार ५, जुलाई २०२४)
**समय** : दिनको ११:३० बजे
**स्थान** : होटल बाराही पोखरा प्रा.लि., पोखरा-६, स्ट्रेट नं. १३ (बराही चोक) कास्की

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (हाल बहालवाला लेखा परिक्षक श्री एलएसपी एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)
४. सञ्चालक समितिमा प्रतिनिधित्व गर्न संस्थापक तर्फको १ जना र सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना सञ्चालकहरुको निर्वाचन गर्ने र स्वतन्त्र सञ्चालकको नियुक्ति तथा एनएमबि बैंकबाट प्रतिनिधित्व गर्ने सञ्चालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु**

१. वित्तीय संस्थाको केन्द्रीय कार्यालय रहने ठेगाना सम्बन्धी संस्थाको प्रवन्धपत्रको दफा २(१), नियमावलीको नियम २ संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यस सम्बन्धी विवरण वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।)
२. संस्थापक तथा सर्वसाधारण तर्फको शेयर संरचना सम्बन्धी प्रवन्धपत्रको दफा ६(ङ) र ६(च) तथा नियमावलीको ३१(क) संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यस सम्बन्धी विवरण वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।)
३. सञ्चालक समिति सम्बन्धी संस्थाको नियमावलीको नियम २७(२ र ४) संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा । (यस सम्बन्धी विवरण वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।)
४. यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडी बढाउन उपयूक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा ।
५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन संचालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## एघारौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. एघारौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८१ असार ७ गतेदेखि २०८१ असार २१ गतेसम्म वित्तीय संस्थाको शेयर दाखिला खारेजीको काम बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ असार ६ गतेसम्म कारोबार भई तोकिएको समयभित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार काठमाडौंबाट प्राप्त नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र यस वार्षिक साधारण सभामा भाग लिन योग्य हुनेछन् ।
२. निर्वाचन सम्बन्धी कार्यक्रमहरु निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुने र निर्वाचन अधिकृतद्वारा निर्वाचन सम्बन्धी कार्यक्रमहरु मिति २०८१/०३/१५ गते दिनको ११:०० बजे यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, पोखरा-८, न्यूरोड, कास्कीको सूचना पाटीमा टाँस गरिनेछ ।
३. वार्षिक साधारण सभामा भाग लिन आउँदा शेयरधनीहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेशपत्र वा शेयरको प्रमाणपत्र/हितग्राही खाताको प्रमाण वा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचयपत्र वा सो को प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।
४. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिती पुस्तिका सभा स्थलमा बिहान १०:३० बजे देखि खुल्ला रहनेछ ।
५. वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तिय संस्थाको केन्द्रीय कार्यालय (साविक पोखरा २५, हेम्जा, कास्की) हाल पोखरा ८ न्यूरोडमा दर्ता गराई सक्नुपर्नेछ ।
६. प्रतिनिधि नियुक्त गर्दा मतदान गर्न अधिकार प्राप्त वित्तीय संस्थाको शेयरधनी बाहेक अन्य ब्यक्तिलाई नियुक्त गर्न सकिने छैन । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ ।
७. नाबालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउनेछ ।
८. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछ ।
९. कुनै शेयरधनी महानुभावलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
१०. साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेकका कुनै झोला, पोका वा अन्य निषेधित सामाग्री नलिई आउनुहुन अनुरोध गरिएको छ ।

***द्रष्टव्य : वित्तीय संस्थाको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेबसाइट www.nmbmicrofinance.com मा पनि राखिने हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउछौं।***